# उत्कृष्ट नगर पत्रकारिता कोष सञ्चालन कार्यविधि–२०७६

**प्रस्तावना** : मन्थली नगर क्षेत्रभित्र क्रियाशील पत्रकार तथा पत्रकारिता क्षेत्रको हित, संरक्षण, प्रोत्साहन गर्न र मिडियाकर्मीहरू माथि पर्न सक्ने जुनसुकै विपत्ति तथा अप्ठेरामा सहयोग पुऱ्याउन एवम् पत्रकारहरूको वृत्ति विकासमा सहयोग गर्नु वाञ्छनीय भएकाले नगर कार्यपालिकाको निर्णयअनुसार मन्थली नगरपालिकाले पत्रकार कल्याणकोष सञ्चालन कार्यविधि बनाई लागू गरेको छ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भ** : क) यो कार्यविधिको नाम "पत्रकार कल्याण कोष सञ्चालन कार्यविधि-२०७६" रहेको छ।

ख) यो कार्यविधि तत्काल लागू हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा : क) "पत्रकार" भन्नाले नेपाल पत्रकार महासंघको विधानबमोजिम परिभाषित छापा, प्रशारण तथा अनलाइन जस्ता कुनै पनि प्रकृतिका आम सञ्चारका माध्यमसँग आबद्ध समाचार सङ्कलक, उत्पादक, सम्पादक, सम्प्रेषक, समाचार लेखन, कार्य गर्नुका साथै नियमित स्तम्भ लेखक, विचार लेखक, कार्टुनिष्ट, फोटो पत्रकार, प्रेस क्यामेरा पर्सन र स्वतन्त्र पत्रकारलाई सम्झनु पर्दछ।

ख) "कोष" भन्नाले मन्थली नगरपालिकाद्वारा सञ्चालित पत्रकार कल्याण कोष सम्झनु पर्दछ।

ग) "सञ्चालक समिति" भन्नाले यस कार्यविधि अन्तर्गत गठित कोष सञ्चालन समिति सम्झनु पर्दछ।

घ) "कार्यपालिका" भन्नाले मन्थली नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

३. **कोषको स्थापना** : क) मन्थली नगरपालिकामा पत्रकार कल्याण कोष नामको एक कोष स्थापना गरिने छ। यस कोषमा मन्थली नगरपालिकाको कार्यालयबाट पत्रकार कल्याण कोष कार्यक्रम शीर्षकमा विनियोजित रकम जम्मा गरिने छ। यसबाट एक अक्षय कोषको स्थापना गरिने छ। यो कार्यविधिमा उल्लेखित भए बमोजिमको कार्य गर्न यस कोषअन्तर्गत गठित अक्षयकोषको ब्याजबाट प्राप्त रकम खर्च गरिने छ। यसका अलावा अन्य क्षेत्रबाट यस कार्यक्रममा प्राप्त रकमसमेत अक्षय कोषमा राख्न सकिने छ।

ख) अक्षय कोषको रकम मन्थली नगरपालिकाले तोकेको 'क' वर्गको वाणिज्य बैङ्क वा कुनै वित्त कम्पनी वा नेपाल सरकारको बचत पत्रमा जम्मा वा लगानी गर्न सकिने छ।

४. **कोषको उद्देश्य र खर्च** : ४.१. (क) मन्थली नगर क्षेत्रभित्र क्रियाशील पत्रकार हरूलाई आफ्ने पेसाप्रति उत्साहित र जिम्मेवार बनाउन तथा पत्रकारहरूको हौसला बढाउनका साथै पत्रकारिता क्षेत्रको सम्मान समेतका लागि वर्षको एकपटक

पत्रकारिताका विभिन्न विधा छनोट गरी उत्कृष्टलाई पुरस्कृत गर्ने ।

(ख) कार्य क्षेत्रमा रहेका बेला घाइते हुन पुगेका पत्रकारलाई उपचार खर्चमा सहयोग पुऱ्याउने ।

(ग) रिपोर्टिङ र कार्यरत रहेकै अवस्थामा मृत्युवरण गर्न पुगेका पत्रकारका परिवारलाई आर्थिक सहयोग पुऱ्याउने ।

(घ) समस्याको प्रकृतिअनुसार सहायता दिनै पर्ने कुनै पत्रकार वा सञ्चार संस्थालाई सहयोग गर्ने ।

(ङ) यस कोषमा रहेको रकमबाट प्राप्त ब्याज रकम कोषको उद्देश्य विपरीत हुने गरी खर्च गरिने छैन ।

४.२. **कोषको खाता सञ्चालनः** कोषमा रहेको रकमको खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतको संयुक्त दस्तखतबाट हुनेछ ।

४.३. **आन्तरिक लेखा परीक्षणः** कोषको आन्तरिक लेखा परीक्षण मन्थली नगर -पालिकाको आन्तरिक लेखा परीक्षण गर्ने निकाय वा पदाधिकारबाट हुनेछ भने अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

५. **समिति गठन** : ५.१. समिति : यस पत्रकार कल्याण कोष सञ्चालन समितिमा देहाय बमोजिमका सदस्य रहने छन् :

| | | |
|---|---|---|
| क) | नगर प्रमुख | संयोजक |
| ख) | नगर उप प्रमुख | सदस्य |
| ग) | नगर कार्यपालिकाको सदस्य मध्येबाट नगर प्रमुखले मनोनित गरेको एक जना | सदस्य |
| घ) | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ङ) | लेखा प्रमुख (म.न.पा.) | सदस्य |
| च) | पत्रकार महासंघको जिल्ला अध्यक्ष | सदस्य |
| छ) | संयोजकले मनोनित गरेको एकजना महिलासहित २ जना सञ्चारकर्मी | सदस्य |
| ज) | नगरपालिकाको सामाजिक विकास अधिकृत | सदस्यसचिव |

५.२ समितिको सचिवालयः समितिको सचिवालय मन्थली नगरपालिकामा रहनेछ ।

६. **समितिको बैठक** : ६.१. समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ । बैठक आवश्यकता अनुसार बस्नेछ । बैठकमा कम्तिमा ५१ प्रतिशत सदस्यका उपस्थित हुनु पर्नेछ । बैठकको कार्यविधि समिति आफैँले तोक्न सक्नेछ ।

६.२. समितिको बैठकमा अन्य व्यक्तिको उपस्थिति आवश्यक रहेको कुरामा समिति सन्तुष्ट भएमा त्यस्ता व्यक्तिहरूलाई समितिको बैठकमा आमन्त्रण गर्न सकिने छ । तर त्यस्ता व्यक्तिको समितिको बैठकमा मताधिकार भने रहने छैन ।

६.३. बैठकको निर्णय सर्वसम्मत रूपमा गरिने छ। सर्वसम्मत निर्णय हुन नसकेमा बहुमतको निर्णय मान्य हुनेछ । अध्यक्षता गर्ने व्यक्तिलाई मताधिकारको अधिकार रहने छैन। तर मत बराबर भएको अवस्थामा अध्यक्षलाई निर्णायक मत दिने अधिकार रहने छ।

७. **कोष सञ्चालन** : क) पत्रकार कल्याण कोषबाट सहायता दिने मुख्य मापदण्ड तत्काल उपलब्ध ब्याज रकम नै प्रमुख हुनेछ।

ख) पत्रकार कल्याण कोषका लागि नगरपालिकाबाट विनियोजित रकमका साथै अन्य क्षेत्रबाट पत्रकारिता कल्याण कोषमा प्राप्त रकम यस कोषमा जम्मा गर्न सकिने छ।

ग) समितिको निर्णयमा अक्षय कोषको रकम 'क' वर्गको वाणिज्य बैङ्क वा कुनै वित्त कम्पनी वा नेपाल सरकारको बचत पत्रमा जम्मा वा लगानी गरी त्यसबाट ब्याज आम्दानी वा अन्य आम्दानीबाट कल्याण कोषको खर्च व्यहोरिने छ।

घ) यस अक्षय कोषको रकमबाट प्राप्त ब्याजबाट समितिको सिफारिस अनुसार पत्रकारिता क्षेत्रको विभिन्न विधा छनोट गरी कार्यपालिकाको बैठकबाट निर्णय गराई प्रत्येक वर्षको नगरसभामा पुरस्कृत गरिने छ।

ङ) पत्रकारिताका अन्य क्षेत्रमा मन्थली नगरपालिकाको तर्फबाट सहयोग गर्नु परेमा समेत समितिको सिफारिसमा कार्यपालिकाबाट निर्णय गराई यसै कोषबाट उक्त सहयोग उपलब्ध गराउन सकिने छ।

च) कुनै कारणवश कुनै आ.व.मा कोषको उद्देश्यअनुरूप पत्रकार पुरस्कृत गर्न वा सहयोग कार्यक्रम गर्न नसकिएमा सोही आ.व. को अर्को नगरसभा वा अन्य आ.व.को नगरसभाबाट पुरस्कृत वा सहयोग उपलब्ध गराइने छ।

८. **संशोधन** : यस कार्यविधिको संशोधन गर्नु पर्ने भएमा समितिले प्रस्ताव तयार गरी कार्यपालिकाको बैठकबाट संशोधन गर्न सकिने छ।

९. **विविध** : क) यस कार्यविधिको व्याख्या गर्ने अधिकार मन्थली नगरपालिकालाई हुनेछ।

ख) कल्याण कोषको उद्देश्य पूर्तिका लागि मन्थली नगरपालिकाले यस कार्यविधिको अधीनमा रही विभिन्न नीति तय गर्न सक्नेछ।

ग) प्रचलित ऐन नियमसँग बाझिएका यस कार्यविधिका दफाहरू बाझिएका हदसम्म स्वतः खारेज हुने छन्।